मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर नेपाल

# शुभकामना सन्देश

माझी समुदायको लदी पर्वको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण माझी नेपाली दाजुभाइ, दिदीबहिनीमा सुख, शान्ति, सुस्वास्थ्य, समुन्नति र दीर्घजीवनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नदी, खोला, पोखरीलगायतका जलासयमा माछा मारेर जीवन गुजारा गर्दै आएका माझी समुदायको प्रमुख पर्व 'लदी पर्व' रहेको छ । यो पर्व नदीको पूजा गरेर मनाउने परम्परा रहेको छ । माझी समुदायले यो पर्वलाई कोशी नदीको पूजा गरेर मनाउन सुरू गरेको गौरबमय इतिहास रहेको छ । यसले मुलुकभरिका माझी समुदायको परम्परागत थातथलो कोशी किनारमा नै रहेको देखिन्छ ।

नेपाल बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक र बहुजातीय विशेषता भएको मुलुक हो । यस देशमा प्रत्येक जाति र समुदायमा आआफ्नै संस्कार, संस्कृति, रीतिरिवाज, भाषा, भेषभूषा, पहिचान र सभ्यता विद्यमान छन् । जुन यो प्रदेशको अमूल्य सम्पत्ति हो । प्रदेश सरकार सबै जाति र समुदायका यस्ता मौलिक विशेषता, पहिचान र सभ्यताको संरक्षण र संवर्धन गर्न क्रियाशील एवम् प्रतिवद्ध छ ।

लदी पर्वले माझी समुदायसहित सम्पूर्ण नेपालीका विचमा बन्धुत्व, प्रेम, सहिष्णुता र सम्मान कायम गर्दै राष्ट्रिय एकताको सूत्रलाई बलियो बनाउने कुरामा म विश्वस्त छु । अन्तमा आफ्नै मौलिक संस्कृति र पहिचानले सम्पन्न भएको लदी पर्वका अवसरमा फेरि पनि सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मिति २०८० फाल्गुन १५ गते मंगलबार
नेपाल संवत् ११४४ सिल्लागा

केदार कार्की
मुख्यमन्त्री